वालिङ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

वालिङ, स्याङ्जा

**गण्डकी प्रदेश, नेपाल**

***विषयः-ढुङ्गा गिटी वालुवा विक्री तथा कवाडी जन्य सामान निकासी तथा विक्री कर, शुल्क, दस्तुर सम्बन्धी सिलबन्दी दरभाउ आव्हानको सूचना ।***

**प्रथम पटक सूचना प्रकाशित मिति २०७५।५।१७ गते**

स्थानीय सरकार संचालन ऐन २०७४ तथा नगरसभाबाट स्वीकृत आर्थिक ऐन २०७५ एंव मिति २०७५।५।१७ गतेको नगर कार्यपालिकाको वोर्ड बैठकको निणर्यानुसार आ.व. २०७५/०७६ को लागि आन्तीक आय संकलन (ठेक्का बन्दोबस्ती) गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरीएको छ । तोकीएको न्यूनतम अंकमा नघटने गरी निन्न लिखित शर्तहरुको अधिनमा रहि ठेक्का नम्बर अनुसारको सिलबन्दी फारामा खरिद गरी रतिपूर्वक सिवबन्दी दरभाउपत्र पेश गर्न १५ (पन्ध) दिने यो सूचना प्रकाशित गरिएको छ ।

***तपसिल***

***ठेक्का नं. ७/२०७५/०७६ को ढुङ्गा गिटी वालुवा तथा कवाडी विक्री तथा निकासी शुल्क, दस्तुर संकलन कार्य ।***

| क्र.स. | ठेक्का नं. | ठेक्काको नाम | आ.व. २०७५/०७६ को लागि न्यूनतम अंक रु. (भ्याट बाहेक) | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|
| १ | ७.१/२०७५/०७६ | नगरपालिका क्षेत्र भित्रको ढुङ्गा,गिटी, वालुवा विक्रि तथा निकासी शुल्क संकलन कार्य । | २००००००।० (अक्षरुपी वीस लाख रुपैया मात्र) | १०००।० |
| २ | ७.२/२०७५/०७६ | नगरपालिका क्षेत्र भित्रका कवाडी जन्य सामान निकासी | ५,५०,०००।० (अक्षेरुपी पाच लाख पचास हजार रुपैया मात्र) | १०००।० |

**शर्तहरुः**

१) सिलबन्दी दरभाउपत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मिति २०७५।५।१७ गते देखी १५ दिन (मिति २०७५।५।३१) गते भित्र चालु आर्थिक वर्षका लागि नविकरण भएको ईजाजत पत्र, आयकर तथा मु.अ.कर दर्ता प्रमाण पत्र,कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ माथि उल्लेखीत दस्तुर (पछि फिर्ता नहुने गरी) तिरि यस कार्यालयको राजश्व शाखाबाट खरिद गर्न सकिनेछ ।

२) सिलबन्दी १६औं दिनको मिति २०७५।६।१ गते मध्यान्ह १२ बजे भित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ । सिरबन्दी दाखिला गर्दा सिलबन्दी गरी कार्यालयको नाम, ठेगाना, ठेक्का नम्बर, र कामको विवरण तथा सिलबन्दीवालाको नाम ठेगाना स्पष्ट रुपमा खाम बाहिर उल्लेख गर्नु पर्नेछ । सिलबन्दी खरिद तथा दाखिला गर्ने अन्तीम दिन सार्वजनीक विदा परेमा उक्त कार्य कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३) सिलबन्दी साथ आफुले कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको नेपाल बैक लिमिटेड शाखा वालिङ स्थित ***ग ३ धरौटी खाता नं. ०८३०३०००००००३००००१*** मा जम्मा गरेको सक्कलै बैक भौचर वा मान्यता प्राप्त बैकबाट कार्यसम्पादन जमानत पेश गर्नु पर्नेछ ।

४) म्याद भित्र दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु दर्ता भएको अन्तीम दिनको १.३० बजे पछि कार्यालयका प्रतिनधि वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालय खोलिने छ । म्याद नाघी आएको,कार्यालयबाट विक्री नभएको सिलबन्दी दरभाउपत्र फाराम भरी आएको सिलबन्दी दरभाउपत्र वालाको दस्तखत एंव छाप नभएको प्रचलित कूननको रित नपुगेको र शर्त राखी पेशभएको सिलबन्दी

प्रमुख प्रशासकीय अधिकृत

दरभाउपत्र उपर कुनै कारवाही हुने छैन् । दरभापत्र वालाको प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न वाधा पार्ने छैन् ।

५) सिलबन्दी दरभाउपत्रमा कवोल गरेको मु.अ.कर बाहेकका रकम अंकर अक्षरमा स्पष्ट ररुपमा लेख्नु पर्नेछ । अंक र क्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनछ । केरमेछ भएको ठाउमा अनिवार्य दस्तखत र छाप हुनु पर्नेछ ।

६) वोलपत्र स्वीकृत भएपछि कवोल अंकको ५ प्रतिशत ले हुन आउने रकम नेपाल बैक लिमिटेड शाखा वालिङ स्थित यस कार्यालयको धरौटी खाता नं. ०८३०३०००००००३००००१ मा जम्मा गरेको सक्कल बैक भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको जमानत पत्र ( Performance Bond) सम्झौता गर्नु अघि पेश गर्ने पर्नेछ ।

७) सिलबन्दी दरभाउपत्र स्वीकृत भएको सूचना प्राप्त भएकोले मितिले बाटाको मयाद बाहेक ७ दिन भित्र आफले कवोल गरेको अंकको ५० प्रतिशत रकम राजश्व शाखामा नगदै वा यस कार्यालयको नाममा रहेको नेपाल बैक लि.शाखा वालिङमा रहेको खाता नं. ५०५/०८३००१०१०४८०९४००००१ मा जम्मा गरेको सक्लै बैक भौचर र बांकी ५० प्रतिशत रकमको लागि कम्तिमा २०७६ साल श्रावण मसान्त सम्मको म्याद भएको मानयता प्राप्त बैकबाट जारी भएको परफरमेन्ट बवण्ड पेश गरी ठेक्का कबेलियत गर्न आउनु पर्नेछ

८) सम्झौताको समयमा कवोल गरेको सम्पूर्ण रकम एक मुष्ठ बझाउनेको हकमा बैक जमानत आवश्यक पर्ने छैन् । साथै कवोल अंकमा १० प्रतिशत छुट दिन सकिने छ । यसरी छुट दिदा न्यूनतम अंक भन्दा कम हुने छैन् । सम्झौतथाको समयमा ५० प्रतिशत रकम बुझाउनेको हकमा कवोल अंकको ५० प्रतिशत किस्ता रकम र कवोल अंकको नियमानुसार लाग्ने कर समेत चुत्ता गर्नु पर्नेछ । बांकी ५० प्रतिशत मध्ये २५ प्रतिशतले हनु आउने रकम दोस्रो किस्ता वापतको रकम २०७५ साल मंसिर मसान्त सम्म र बांकी तेस्रो किस्ता वापतको २५ प्रतिशत रकम फाल्गुण मसान्त सम्म चुत्ता गरि सक्नु पर्नेछ , धरौटी वापतको जम्मा भएको रकमलाई अन्तिम किस्तामा मिलाउन पाईने छैन् । न्याद भित्र कबुलियत गर्न नआएमा नियमानुसार हुनेछ

९) विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बांकी रहेका व्यक्ति वा फर्महरुले बांकी रकम चुत्ता नगरे सम्म र पेश्की/वेरुजु बांकी हुनेले फछ्र्योट नगरेसम्म सिलबन्दी दरभाउपत्र खरिद गर्न पाउने छैन् ।

१०) ढुङ्गा, गिटी र वालुवा उत्खनन गर्दा भौतीक पूर्वाधारलाई कुनै पनि असर नपर्ने गरी **IEE** को रिपोर्टमा उल्लेखीत दुरीको कार्यन्वयन गर्नु पर्नेछ साथै ढुङ्गा, गिटी र वालुवाको परिमाण **IEE** मा तोके भन्दा बढी उत्खनन तथा संकलन गर्न पाईने छैन्, उक्त उत्खनन तथा संकलन गर्ने अवधि २०७५ असोज १ गते देखी २०७६ जेष्ठ मसान्त सम्म रहनेछ । जेष्ठ मसान्त पछि तत सम्बन्धी कार्य गर्दा नदीजन्य पदार्थ उत्खनन ओसार पसरा तथा विक्रि वितरण गर्ने कार्यविधि बमोजिम गर्नु पर्नेछ ।

११) दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु स्वीकृत गर्ने वा आशिंक रुपले स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यलयमा निहित रहनेछ ।

१२) यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रतलित नियमानुसार तथा सम्झौतामा उल्लेख गरिए बमोजिम हुने छ साथै संघीय सरकार, प्रदेश सरकार र यस नगरपालिकाबाट समय समयमा गरिएको निर्देशनहरुको सिलबन्दी दरभाउपत्र वालाले पालना गर्नु पर्नेछ ।

१३) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत